बैठक संख्या ५७ मिति: २०७६/०३/०९

मिति २०७६/०३/०९ को नगर कार्यपालिका (बोर्ड) बैठकका निर्णयहरु

१. शनिश्चरे माध्यमिक विद्यालयबाट विद्यालय परिसर भित्र रहेको साविकको श्रोतकेन्द्र भवन (हाल शिक्षा युवा तथा खेलकुद शाखाको बैठक कक्ष)विद्यालयको प्रयोगशाला स्थापनाका लागि उपभोग गर्नका लागि उपलब्ध गराईदिन अनुरोध भई आएकामा उक्त विद्यालयलाई साविक श्रोतकेन्द्र भवनमा विज्ञान प्रयोगशाला स्थापना गर्न उपलब्ध गराउने ।

२. अर्जुनधारा नगरपालिका वडा नं ३ स्थित श्री जनता माध्यमिक विद्यालयले यसै शैक्षिक सत्रबाट कक्षा ११ मा कम्प्युटर साइन्स विषय थप गरी सञ्चालनका लागि अनुमति पाउन पेश गरेको निवेदन अनुसार विषय थपका लागि अनुमति प्रदान गर्ने ।

३. विर्तामोडबाट महानन्द चौक-शनिश्चरे हुँदै खुदुनाबारी जाने सडकमा यस नगरपालिकाले साविक वर्षहरुमा लगाउँदै आएको पूर्वाधार प्रयोग शुल्क आगामी आर्थिक वर्षमा नलगाउने व्यवस्था मिलाएको र विर्तामोड क्षेत्रमा विर्तामोड नगरपालिकाले समेत कर नलागउँदै आएकोमा आगामी आर्थिक वर्षका लागि सो सडकको विर्तामोड नगरपालिकाको क्षेत्रमा विर्तामोड नगरपालिकाले सडक प्रयोग शुल्कका लागि ठेक्का आह्वान गरेकामा विर्तामोड क्षेत्रमा १ कि.मी .भन्दा कम सडक रहेको र उक्त करले अर्जुनधारा नगरपालिका आवतजावत गर्ने नागरिकलाई प्रत्यक्ष असर गर्ने भएकाले उक्त सडकमा कर नलगाउन विर्तामोड नगरपालिकालाई अनुरोध गर्ने ।

४. बिरिङ्ग नदिबाट नदिजन्य सामाग्री उत्खननका लागि लागेको ठेक्का सम्बन्धमा विभिन्न समयमा स्थानिय हरुसँग छलफल गर्दा बुद्धशान्ती गाउँपालिकाको तर्फबाट गाउँपालिका अध्यक्षज्यूबाट उक्त नदि ठेक्काबाट गाउँपालिकालाई प्राप्त हुने राजश्व यसै नगरपालिका क्षेत्रमा पर्ने बिरिङ्ग नदि संरक्षणका लागि खर्च गर्ने प्रतिबद्धता आएकामा उक्त राजश्व उपलब्ध गराउन अनुरोध गर्ने ।

५.निर्णय नं ४ अनुसार प्राप्त हुने अविभाज्य कोषको रकमबाट देहाय बमोजिमका आयोजनाहरुलाई प्राथमिकतामा राखी लागि रकम विनियोजन गर्ने ।

क.अर्जुनधारा नगरपालिका वडा नं १ स्थित बिरिङ्ग नदिका विभिन्न ५ वटा स्थानहरुमा स्पर निर्माण गर्नका लागि प्रति स्पर रु १,८५,०००/- ( एक लाख पचासी हजार मात्र) का दरले आवश्यक पर्ने रकम ।

ख. वडा नं १ स्थित खगेन्द्र फुयँलको घर छेउ १०० मि स्पर बाँध्नका लागि रु २० लाख मात्र ।

ग. बिरिङ्ग नदिबाट अर्जुनधारा क्षेत्रमा चढ्ने कुलोपैनीमा पानी उठाउनका लागि ७ वटा कुलो पैनी मर्मत गर्न रु ५ लाख मात्र ।

घ. टाङ्गटिङ्ग नदिबाट वडा नं २ तर्फको कुलोपैनीमा पानी उठाउनका लागि कुलो पैनी मर्मत गर्न रु १० लाख मात्र ।

ङ. सानो नेते खोलाको त्रिशुली खण्डमा स्पर बाँध्नका लागि आगामी आर्थिक वर्षमा भुक्तानी हुने गरी रकम विनियोजन गरिएकामा चालु आर्थिक वर्षमा रु १० लाख भुक्तानी गर्ने।

च.वडा नं ४ र ५ जोड्ने बिरिङ्ग नदिको कज्वे मर्मत सम्भारका लागि रु ४ लाख मात्र ।

०९।०३

हरी कुमार राजा मगर
नगर प्रमुख

छ.वडा नं ११ मा नयाँ जडान भएको ट्रान्सफर्मरमा थ्री फेज लाइन जडानका लागि रु ३ लाख मात्र ।

६.वडा नं ९ को आगामी वर्षको दायित्वमा रहने गरी गोल्धाप पूर्व सालवाडी जाने सडकमा पर्ने पुल कल्भर्ट निर्माणका लागि रु ३,३५,०००/- तिन लाख पैतिस हजार मात्र विनियोजन गर्ने ।साथै,वडा नं ३ मा ९० से.मी को १० थान तथा ४५ से मी को ९ थान ह्युमपाइपक उपलब्ध गराउने ।

७.यस नगरपालिकाले नदिजन्य सामाग्री उत्खननका सम्बन्धमा लगाएको ठेक्का सम्बन्धमा श्री उच्च अदालत विराटनगरमा यस नगरपालिकालाई विपक्षी बनाई दायर भएको मुद्दामा नगरपालिकाको तर्फबाट गर्नु पर्ने कारबाहीका लागि आवश्यक पर्ने प्रशासनिक खर्च ( अधिवक्ता पारिश्रमिक लगायत) नगर कार्यपालिकाको कार्यालयबाट व्यहोर्ने ।

८. विभिन्न निकायहरुबाट चालु आर्थिक वर्षमा सञ्चालन हुने गरी बजेट विनियोजन भई कार्यन्वयनका लागि बजेट प्राप्त भई रहेकाले त्यस्ता आयोजना सञ्चालनका लागि योजना सम्झौता लगायतका कार्यहरु गर्ने ।

९ अर्जुनधारा-३ स्थित रोज बड अंग्रेजी विद्यालयलाई कक्षा ६ सञ्चालनका लागि अनुमति प्रदान गर्ने ।

१०. देहाय बमोजिमका व्यक्ति/संस्थाहरुलाई देहाय अनुसार आर्थिक सहयता/बजेट विनियोजन गर्ने ।

| क्र.सं | विवरण | रकम (रु) | कैफियत |
|---|---|---|---|
| १ | गोपिलाल कामी आगलागी विपद राहत,अर्जुनधारा ८ | २५,००० | यस अघि उपलब्ध गराइएको रु २३,५०० वडाको दायित्वमा रहने गरी । |
| २ | टेकराज मोक्तान,वडा नं ६ औषधोपचार सहयोग | २५,००० | |
| ३ | झापा बहिरा क्रिकेट संघलाई दशौँ राष्ट्रिय बहिरा क्रिकेट प्रतियोगितामा सहभागिताका लागि | २५,००० | |
| ४ | वडा नं ७, बस्ने धनमाया विश्वकर्माको मुटुको उपचारका लागि | १५,००० | |
| ५ | वडा नं ७, बस्ने सिंह राजु बहादुर विश्वकर्मा औषधोपचार सहयोग | १०,००० | ट्युमर उपचार |
| ६ | वडा नं ७, बस्ने पूर्णबहादुर रसाइलीको नसारोगको उपचार सहयोग | १०,००० | |
| ८ | वडा नं १० बस्ने अमर श्रेष्ठ औषधोपचार सहयोग | १५,००० | |
| ९ | वडा नं ७ बस्ने प्रेमचन्द्र पौडेल औषधोपचार सहयोग | १०,००० | |

०५/०३/२०७६

हरी कुमार राना मगर
नगर प्रमुख